'कृषि, पर्यटन, उर्जा र पूर्वाधार, लिखुपिके विकासको मूल आधार'

# लिखुपिके गाउँपालिका

आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

प्रतिवेदन

प्रकाशक

**लिखुपिके गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

सोलुखुम्बु

कोशी प्रदेश

Email: likhupkrm@gmail.com

Website: likhupikemun.gov.np

**आदरणीय आमा, बुवा, दाजुभाइ तथा दिदी बहिनीहरू,**

नेपालको संविधान, २०७२ ले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेवमोजिम यस लिखुपिके गाउँपालिकाको दोस्रो कार्यकालको चौथो वर्षमा हामी रहेका छौं। संविधानले सहकारीता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेर तीन तहको सरकार सञ्चालन हुने व्यवस्था गरेको छ। नेपालको संविधान २०७२ को धारा ५७ मा राज्यशक्तिको बाँडफाँडको व्यवस्था रहेको छ। त्यसरी नै अनुसूची-५ मा संघको अधिकार सूची, अनुसूची -६ मा प्रदेशको अधिकार सूची, अनुसूची -७ र अनुसूची- ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची र अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार सूचीको व्यवस्था गरेको छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न तीन तहको सरकारको जिम्मेवारी रहेको छ। यही जिम्मेवारीमा रहेर **"कृषि, पर्यटन, उर्जा र पूर्वाधार, लिखुपिके विकासको मूल आधार"** को नारासहित हामी लिखुपिके गाउँपालिकाको चौतर्फी विकास र समुन्नतीका लागि प्रयास गरिरहेका छौं। लिखुपिके गाउँपालिकामा रहेको सिमित श्रोत साधनबाट धैरै र महत्वपूर्ण योजनाहरू सम्पन्न गर्नुपर्ने अवस्था रहेको छ। रणनैतिक महत्व रहेका र बिगतदेखि सञ्चालनमा रहेका योजनाहरुलाई निरन्तरता दिंदै अन्य विकास निर्माणका कार्यहरुलाई अगाडि बढाउने कार्यमा हामी प्रयासरत् छौं।

यसै परिवेशमा आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम गाउँसभा बैठकसमक्ष पेश गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ। सभामा पेश हुने नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा यहाँहरुले व्यक्तिगत रुपमा, संस्थागत रुपमा दिनु भएको राय सुझाव र सल्लाहलाई समेत आधार मानिएको छ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि सहयोग गर्नुहुने बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक/उपाध्यक्ष एवम् सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, विषयगत शाखाका शाखा प्रमुख एवम् कर्मचारी साथीहरु, नागरिक समाज, राजनैतिक दलका प्रतिनिधिज्यूहरुप्रति आभार प्रकट गर्दछु।

**मिना कार्की (बस्नेत)**

**अध्यक्ष**

# लिखुपिके गाउँपालिकाको पन्ध्रौं गाउँसभा बैठकमा गाउँपालिका अध्यक्ष श्री मिना कार्की (बस्नेत)ज्यूले आ. व. २०८२/०८३ को लागि गाउँसभासमक्ष प्रस्तुत गर्नु भएको

## नीति तथा कार्यक्रम

लिखुपिके गाउँपालिकाको गरिमामय गाउँसभामा उपस्थित गाउपालिका उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्युहरु, सम्पूर्ण वडाका वडा सदस्यज्यूहरु, सञ्चारकर्मी, कर्मचारीमित्रहरु तथा उपस्थित सम्पूर्ण महानुभाव ज्यूहरूमा हार्दिक नमन सहित नमस्कार ।

लिखुपिके गाउँपलिकाको अध्यक्षको हैसियतले यस सम्मानित सभासमक्ष आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु। यस अवसरमा राजनीतिक परिवर्तनका लागि वलिदान गर्नु हुने सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्वाञ्जली व्यक्त गर्दछु। राष्ट्रियता,स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिका लागि संघर्ष गर्नु हुने महान नेपाली जनताप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

आज हामी ऐतिहासिक घडिमा छौ । वर्तमान अवस्थामा राज्य आर्थिक मन्दीले शिथिल भइरहेको छ। देशको आर्थिक मन्दीले तीनै तहको सरकारलाई जनउत्तरदायी वजेट निर्माण गर्न चुनौती थपिएको बेला लिखुपिके गाउँपालिकामा निर्वाचित स्थानीय सरकारलाई नीति कार्यकम तथा वजेट मार्फत जनआकांक्षा संवोधन गर्नु चुनौतिको विषय भएको छ । यस विषम परिस्थितिमा वर्तमान गाउँसरकारले आ.व. ०८२/८३ को नीति तथा कार्यक्रम मार्फत सिँगो गाउँपालिकाको विकास, समृद्धि र सुशासन कायम गरी गाउँको भविष्य निर्माण गर्नमा हामी सवैलाई चुनौती थपिएको छ ।

आदरणीय सम्पूर्ण गाउँ सभा सदस्य ज्यूहरु,

**अब म आगामी आ.व.को लागि विषयगत क्षेत्रतर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।**

### आर्थिक विकास क्षेत्र

### कृषि तथा पशुपालन

- ❖ **"आर्थिक समृद्धिको पहिलो आधार कृषि"** भन्ने मुल नाराका साथ गाउँ क्षेत्रको कृषि सम्भाव्यता अध्ययन गरी माटो, जलवायु सुहाउँदो खेति प्रणालिको विकास,कृषि उत्पादन उत्पादकत्व वृद्धि गर्न कृषिलाई व्यावसायिक, आधुनिक तथा प्रविधियुक्त बनाई बजारीकरणको लागि आवस्यक व्यवस्था गरिनेछ ।
- ❖ **"कृषि पूर्वाधार, सुनिश्चित वजार"** भन्ने नारालाई आत्मसात गर्दै व्यावसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण गरिने स्थानसम्म कृषि सडक सञ्जाल विस्तार,नयाँ सिचाई आयोजना निर्माण एवम जिर्ण सिचाई आयोजनाहरुको मर्मतसम्भार, कृषि उपज संकलन केन्द्र र बजारीकरणका लागि संघीय सरकार र प्रदेश सरकार तथा विकास साझेदार संघसंस्थासँग आवश्यक समन्वय सहकार्य गरि निमार्ण कार्यमा तिव्रता दिइनेछ ।

- कृषि उत्पादन नीति अवलम्वन गरी कृषि पेशालाई सम्मानित, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकायसंगको साझेदारिमा कृषि क्षेत्रको विकास गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- रैथानेवालीको संरक्षण, प्रवर्द्धन र वजारीकरण मार्फत कृषकहरुको आय आर्जनमा वृद्धि हुने गरी सवै वडामा रैथाने वाली संरक्षण,प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।
- फलफुल रोपौं अभियानका साथ फलफूल खेतीमा व्यवशायिकता ल्याउन आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- कृषि उपज लगायतका उत्पादनलाई ढुवानी,वजारीकरणमा सहयोग गर्न सम्वन्धित पक्षसँगको साझेदारीमा सेवा सुरु गरिने छ ।
- **"स्वरोजगार युवाको सम्मान, गाउँवासीको पहिचान"** भन्ने अभियानका साथ प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी कृषि व्यवसायमा संलग्न गरी वेरोजगार युवाहरुलाई रोजगारी सृजना गरिनेछ ।
- स्थानीय उत्पादनलाइ उपभोगमा प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ । हाल प्रचलनमा रहेको आयातित खादा विस्थापित गर्न स्थानीय उपभोग्य बस्तुको प्रयोगमा जोड दिइनेछ । कृषकहरुको आयआर्जनमा वृद्धि, स्वच्छ सुन्दर गाउं निर्माण गर्न फूल खेती अभियानलाई अगाडी वढाईने छ । स्वागत तथा सम्मान कार्यक्रममा फूल तथा दुवोको माला प्रयोगमा जोड दिईने छ ।
- आयातित खाजा तथा नास्तालाई विस्तावित गरी स्थानीय कृषि उत्पादनलाइ प्रश्रय दिन, स्वस्थ तथा पोषणयुक्त खाजालाई प्रवर्द्धन गरिनेछ ।
- पोषण तथा खाद्य सुरक्षाको सुनिस्चित गर्न **कृषि पोषण तथा खाद्य सुरक्षा रणनीति** तयार गरी लागु गरिनेछ ।
- **"अध्यक्ष कृषि प्रबर्द्धन कार्यक्रम"** मार्फत स्थानीय स्तरमा उत्पादित रैथाने खाद्यबस्तु,तरकारी तथा फलफुलको उत्पादन प्रबर्धन गरी उत्पादित बस्तुहरुको दिगो बजारीकरणमा जोड दिइनेछ ।

**<u>संस्कृति तथा पर्यटन प्रवर्द्धन</u>**

- गाउँपालिका क्षेत्रभित्रका धार्मीक साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षणको नीति अवलम्वन गरिनेछ । गाउँपालिका अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदानमा वृद्धि गर्न सम्भाव्य पर्यटकीय गन्तव्यको पहिचान,पर्यटकीय स्थान र कृषि उपजमा विविधिकरण, प्रचार प्रसार गरि आन्तरीक एवम वाह्य पर्यटनको आवागमन वढाइनेछ ।
- विभिन्न जातजातिहरुको मौलिक कला,परम्परा, रितिरीवाज,संस्कृति, भाषा, भेषभूषा र सभ्यताको संरक्षण तथा सम्वर्द्धनका कार्यक्रम संचालन गरिनेछ । स्थानीय वाजा संरक्षण कार्यक्रम ल्याइनेछ ।
- विभिन्न जात जाति धर्म समुदायहरुको कला धर्म संस्कृतिको उच्च सम्मान गर्दै मठ मन्दीर, गुम्वा लगायत पुरातात्तिक क्षेत्रको संरक्षण गरिनेछ । गाउँपालिकामा नौमती वाजा वजाउने गरी गाउँको

लगानीमा नौमती बाजा र स्थानीय पहिचान झल्किने पोषाक सहितको समुह तयार गर्ने निति लिइने छ ।

- ❖ लिखुपिके गाउँपालिकाको ऐतिहासिक कला, संस्कृति, पर्व, बाजा, संस्कार, भेष भुषा पहिचान हुने गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
- ❖ पालिकाभित्रका धर्म, संस्कृति, पर्यटनका विषयमा ब्रोसर, स्मारिका जस्ता प्रचारप्रसारका सामग्री प्रकाशित गरी पालिकाको प्रचारप्रसार गरिनेछ ।
- ❖ पिके पिकमा पर्यटन  प्रबर्द्धन तथा पुर्वाधार विकासको लागी पिके पिक गुरुयोजना अनुरुप आवश्यक पुर्वाधार निर्माणको काम  गरिनेछ ।

**उद्योग, व्यापार व्यवशाय ,सहकारी तथा वित्तिय क्षेत्र**

यस गाउँपालिकामा कुनै पनि उद्योग धन्दा संचालनमा नरहेको र उद्योग क्षेत्रमा न्यून लगानी रहेकाले प्राप्त श्रोत साधनको समुचित प्रयोग गरी राष्ट्रिय औद्योगिक नीतिलाई टेवा पुग्ने गरी देहायका नीतिहरु अवलम्बन गरिएको छ :

- ❖ स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगहरुको स्थापना विकास एवम् विस्तार गर्न विभिन्न किसिमका व्यवसायिक,सीपमूलक तालिमहरुको व्यवस्था मिलाईनेछ ।
- ❖ नेपाल सरकार, प्रदेश सरकारको औद्योगिक ग्रामको स्थापना गर्ने नीति अनुसार लिखुपिके गाउँपालिकामा औधोगिक ग्राम स्थापनाका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- ❖ नयाँ लघु उद्यमी सिर्जना गर्ने,पूर्नताजाकी, सीप विकास तालिम संचालन गर्ने र प्रविधी हस्तातरण गर्ने जस्ता कार्यक्रमहरुलाइ निरन्तरता दिइनेछ ।
- ❖ गाउँपालिकास्तरीय औधोगिक नीति तर्जुमा गरि ठुला उत्पादनमुलक उद्योगहरुको स्थापना गर्न सार्वजनिक नीजी साझेदारीलाई आत्मसाथ गरिनेछ ।
- ❖ युवा, रोजगार र महिला उद्यम विकास सम्वद्ध रणनैतिक आयोजनाको परिमार्जन गर्दै उद्यम विकास रणनीति तर्जुमा गरिनेछ ।
- ❖ उद्योग बाणिज्य संघ लगायत विभिन्न सामाजिक संघसंस्थासँग सहकार्यमा व्यवसायिक हक हित, बजार व्यवस्थापन प्रवर्द्धन गरिनेछ ।
- ❖ लिखुपिके गाउँपालिका भित्र दर्ता नगरी व्यवसाय गर्ने व्यवसायीलाई प्रक्रियामा ल्याई दर्ता प्रक्रियाका लागि आह्वान गरि कानूनी दायरामा ल्याइनेछ। कालो बजारीको नियमन गरी कानून विपरित व्यवसाय संचालन गर्ने व्यवसायीलाई कानूनी दायरामा ल्याइनेछ ।
- ❖ "एक घर एक सहकारी सदस्य" नीतिलाई अवलम्बन गरिनेछ। सहकारी नीति अनुरुप सहकारीका रुपमा कृषि पशुपालन र पशुजन्य उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।
- ❖ सहकारी क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गरी व्यवसायिक रुपमा कृषि (चिया र अलैची) तथा पशुपालन क्षेत्रमा कार्य गर्न सक्ने गरि बजेट तथा कार्यक्रम सञ्चालन गरिनेछ ।  सहकारी मार्फत यस गाउँपालिकाले आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले साना सहकारीहरुलाई एकीकृत गर्दै पूँजी विस्तार र परिचालनमा जोड दिइनेछ ।

## पूर्वाधार विकास

- ❖ दिगो, गुणस्तरीय, पर्यावरण अनुकुल भौतिक पूर्वाधार विकास गर्ने नीति अवलम्वन गरिनेछ। विकास निर्माणमा सरोकारवालाको सहभागिता गराउदै जनसहभागिता सुनिश्चित गरी सहभागितामुलक विकास नीति अवलम्बन गरिनेछ। विकास निर्माणलाई प्रभावकारी बनाउन वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।
- ❖ विकास निर्माणमा जनश्रमदान वाहेक गाउँपालिकावाट श्रमिकलाई भुक्तानी हुने रकम श्रमिककै बैङ्क खातामा भुक्तानी हुने व्यवस्था मिलाइने छ।
- ❖ उपभोक्ता समितिवाट संचालन हुने आयोजनाहरुको हकमा हालसम्म अग्रेजि भाषावाट बन्दै आएका विकास आयोजनाको लागत इस्टमेट नेपाली भाषामा बनाईने छ।साथै उपभोक्ता समितिमा रहने व्यक्तिहरुको क्षमता विकास तथा प्राविधिक दक्षता अभिवृध्दी गर्न आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ विकास आयोजनाहरुको गुणस्तर कायम गर्न गुणस्तर परिक्षण ल्यावमार्फत भैरहेको गुणस्तर परिक्षण कार्यलाई निरन्तरता दिइने छ।
- ❖ विकास निर्माण योजनाहरुलाई पारदर्शि र जवाफदेही वनाउन विद्युतिय वोलपत्रको माध्यमवाट कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ।
- ❖ सार्वजनिक सम्पतिको संरक्षण गरिनेछ। पुराना, जिर्ण अवस्थामा रहेका भौतिक योजनाहरुको मर्मत सम्भार,स्तरोन्नति तथा अधुरा निर्माणाधिन योजनाहरुलाई समयमै सम्पन्न गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ सामुदायिक भवन लगायतका पुर्वाधार निर्माण सम्वन्धी योजनाहरुमा जग्गा स्वामित्व एवं भोगाधिकार सम्वन्धी प्रमाण पेश भए पश्चात मात्र योजना सम्झौता गर्ने नीति अवलम्वन गरिनेछ।
- ❖ गाउँका सवै वडा केन्द्र तथा विभिन्न वस्तीहरुसम्म जोड्ने गाउँ सडकहरुको स्तरोन्नती तथा विस्तार गरिने छ।
- ❖ नक्सापास विना घर वनाउने कार्यलाई निरुत्साहित गरिनुको साथै मापदण्ड अनुसार घर निमार्ण गर्न प्रोत्साहन गरीने छ।
- ❖ भुकम्पीय जोखिमलाई मध्यनजर गर्दै भुकम्प प्रतिरोधात्मक भवन निर्माण गर्ने प्रावधान कडाईका साथ लागु गरिनेछ।
- ❖ निर्माण क्षेत्रमा कार्यरत जनशक्तिहरुका लागि आवश्यक तालिम एवम जोखिम न्युनीकरण गर्न दुर्घटना विमाको व्यवस्था गरिनेछ।
- ❖ गाउँपालिका गौरवका आयोजनाहरुको विस्तृत परियोजना प्रस्ताव तयार गरी निर्माण कार्य सम्पन्न गर्न संघीय सरकार,प्रदेश सरकार साथै अन्य दातृ निकायहरुसंगको साझेदारीमा निर्माण कार्य पूरा गर्न आवश्यक पहल गरिनेछ।

- ❖ गाउँक्षेत्र भित्र विद्युत सेवा नपुगेका क्षेत्रहरुमा विद्युत लाइन विस्तार, विद्युतसँग सम्वन्धित समस्याहरुको समाधान,गाउँको विद्युत माग र आपूर्तिलाई मध्यनजर गर्दै नेपाल विद्युत प्राधिकरणसंगको समन्वयमा विद्युत विस्तारका साथै विद्युत ट्रान्सफर्मरको व्यवस्थापन गर्दै लगिनेछ ।
- ❖ खानेपानीको समस्या रहेका सवै वस्तीहरुमा खानेपानी सुविधा विस्तारको लागि विकास साझेदार संस्था, प्रदेश एवम संघिय सरकार र गाउँपालिकाको साझेदारीमा खानेपानी निर्माणलाई तिव्रता दिइने छ ।
- ❖ पालिकाभित्रका खानेपानी मुहान संरक्षण तथा व्यवस्थापन गरी गाउँको स्वच्छ खानेपानी उपलव्ध गराउन पहल गरिने छ ।
- ❖ पुर्वाधार विकास निर्माण आयोजना,सडक,खानेपानी आयोजनाहरु वातावरणमैत्री वनाउन सर्भे डिजाइन,लागत अनुमान तयार गर्दा नै वातावरणमैत्री प्रविधिलाई मध्यनजर गरि निर्माण हुने सडकक्षेत्रमा भूक्षय हुन नदिन सम्भावित जोखिमयुक्त क्षेत्रमा वायो इन्जीनियरिंग प्रविधि लगायत वातावरण मैत्री प्रविधिको पुर्ण रुपमा अवलम्वन गरिनेछ ।
- ❖ गाउँपालिकाको प्रसासनिक कामकाजमा सहजता ल्याउन प्रसासकिय भवन निर्माण कार्यलाइ निरन्तरता दिइनेछ, निर्माणाधिन आधारभुत अस्पताल,स्वास्थ्य चौकी लगायत आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको भौतिक सरचनाको मर्मत सम्भार एवम स्तरोन्नति गरीदै लगिनेछ ।
- ❖ पालिकाभित्रका गौरवका आयोजनाहरु छनौट एवम प्राथमिकिकरण गरि निर्माणका लागि **"गाउँपालिका विकास गुरुयोजना"** संसोधन गरी कार्यान्वयन गरिनेछ ।
- ❖ हाल संचालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न साझेदारीमा आधारित आयोजना निर्माण गरिने नीति लिइनेछ ।

<u>सन्चार तथा सूचना प्रविधि :</u>

- ❖ सूचना प्रवाह, आन्तरीक समन्वय लाई थप प्रभावकारी बनाउन जनप्रतिनिधि, विषयगत शाखा, मातहतका कार्यालयहरुलाई एकैसाथ सूचना प्रवाह हुने गरी **"ई-सम्पर्क"** सयन्त्रको विकास गरीनेछ ।
- ❖ विद्युतिय शासनलाई प्रर्वद्धन गर्न सूचना तथा संचार प्रविधि पुर्वाधार विकासमा जोड दिइनेछ ।
- ❖ प्रविधिमैत्री प्रशासन,विकास समृद्धि र सुशासनको नारालाइ साकार पार्न पेपरलेस लिखुपिके सरकारको अवधारणा अंगिकार गरिनेछ।
- ❖ गाउँपालिकाको संस्थागत जवाफदेहीता अभिवृद्धि गर्न टोल फ्री नंबर,अडियो नोटिस बोर्ड, गाउँपालिकाको वेवसाइट, मेल,पालिका एप्स, फेसबुक, एक्स पेजलाई प्रभावकारी रुपमा संचालन गरी तत्काल सुझाव संकलनको लागि आवश्यक संयन्त्रको विकास गरिनेछ।
- ❖ गाउँबाट सहयोग प्राप्त गर्ने संचार माध्यम मार्फत जनहितका सूचना तथा सन्देश प्रचार प्रसार गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- ❖ पत्रकार महासंघको संस्थागत क्षमता विकासका आगि आवश्यक सहयोग गरिनेछ ।

## सामाजिक विकास नीति

### शिक्षा

- ❖ गाउँक्षेत्रभित्रका शैक्षिक संस्थाहरुको नक्साकन गरी भुगोल र न्युनतम विद्यार्थी संख्याको आधारमा विद्यालयलाई समायोजन गरिने नीति लिइनेछ ।
- ❖ गुणस्तरीय शिक्षाका लागि शिक्षा शाखाले विद्यालयमा प्रधानाध्यापक र प्रधानाध्यापकले विषयगत शिक्षकका बीचमा सुचक सहित कार्यसम्पादन करार गरिने छ । मासिक तथा त्रैमासिक रुपमा सो सुचक सहितको कार्य प्रगति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।
- ❖ गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीको क्षमता विकास गर्ने र सिकाई उपलब्धि र कार्यसम्पादनका आधारमा गाउँपालिका भित्रका २२ वटै बिद्यालयहरु मध्येवाट उत्कृष्ठ एउटा मा.वि र एउटा आ.वि र उत्कृष्ठ एउटा वि.व्य.स.लाई पुरस्कृत गरिनेछ ।
- ❖ सवै माध्यमिक विद्यालयमा सुचना प्रविधि प्रयोगशाला र उच्च गतिको ईन्टरनेट सुविधा विस्तार गरी अनलाईन कक्षालाई व्यवस्थित गरिने छ ।
- ❖ विद्यालय अनुगमन नियन्त्रण प्रणालिलाई प्रभावकारी वनाइनेछ ।
- ❖ विद्यालयको भौतिक संरचनाहरुलाई अपाँगमैत्री,वालमैत्री तथा समावेशी वनाइनेछन् ।
- ❖ सामुदायिक अन्तर विद्यालय अनुभव आदानप्रदान गरी क्षमता विकास तथा सिकाई पद्धतिमा सामन्जस्यता कायम गर्न समन्वयकारी भुमिका खेलिने छ ।
- ❖ विद्यार्थीहरुमा उच्च नैतिक चरित्र निर्माण गरी विद्यार्थीमा आदर्श र अनुशासित नागरीकका गुण विकास गर्न प्रेरणात्मक कार्यक्रम संचालन गरिने छ । प्रत्येक विद्यालयमा योग तथा आयुवेर्दिक स्वास्थ्य शिक्षा विस्तार गर्न शिक्षकलाई आवश्यक तालिम दिईने छ ।
- ❖ विद्यालयमा छात्राहरुको सेनीटरी प्याडको प्रयोग,व्यवहार, मनोभावना,ज्ञान र सीपको आदान प्रदान गर्न छात्रासंग अध्यक्ष कार्यक्रम संचालन गरिने छ । माध्यमिक विद्यालयका छात्रालाई महिनावारी समयमा विश्रामका लागि विश्राम कक्ष निर्माण गरिनेछ ।
- ❖ विद्यालयमा गठन भएका वालक्लवहरुको क्षमता अभिबृद्धी गरी बिद्यालयमा बालमैत्री वातावरणको सृजना गरिने छ । वालवालिकालाई नेतृत्व विकाससम्वन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ शिक्षित वेरोजगार समस्या समाधानका लागि लोकसेवा आयोग, शिक्षक सेवा आयोग प्रशिक्षण कक्षा सञ्चालन गरी राष्ट्रसेवा गर्ने अवसर प्रदान गर्न सहजीकरण गरिनेछ ।
- ❖ कुनै विपद्का कारण हुन सक्ने शैक्षिक क्षतिलाई पुरा गर्न अतिरिक्त समय व्यवस्थापन गरी पठनपाठनको व्यवस्था मिलाईने छ ।
- ❖ प्रत्येक वडामा ICT सम्बन्धी अध्ययन अध्यापन गराउन शिक्षक समुह गठन गरी प्रशिक्षण गर्ने कार्यलाई विस्तार गरिनेछ । अनलाइन कक्षा संचालन गर्न एवम शैक्षिक गुणस्तर अभिवृद्धिका लागि साँझेदारी सँस्थाहरुसंग समन्वय गरी तालिम सुचना प्रविधि ज्ञान आदान प्रदान कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनोट तथा सरुवाको लागि गाउँपालिकामा योग्यता सुची तयार गरी विज्ञद्वारा परीक्षा लिई प्रधानाध्यापकको जिम्मेवारी तथा आवश्यक कानुन बनाइ पालिका भित्र शिक्षक दरवन्दीको व्यवस्था गरिनेछ ।

- ❖ विद्यालयलाई जंकफुडवाट मुक्त राख्दै किचन गार्डेनको रुपमा विकास गरी स्थानीय उत्पादनको प्रयोगमा जोड दिन घरमै बनेका स्वास्थ्यवर्धक खाजा प्रयोगलाई प्रोत्साहन गरिने छ ।
- ❖ प्रत्येक २/२ महिनामा आधारभुत तह र मा वि तहको प्र. अ. वैठक गाउँपालिका तथा वडा तहमा घुम्ती वैठक वस्ने व्यवस्था मिलाईने छ । आवश्यकता अनुसार वडामा पनि शैक्षिक सुधारका लागि वैठक वस्ने व्यवस्था मिलाईने छ ।
- ❖ विद्यालय छाड्नुको कारण अध्ययन अनुसन्धान गरी सुधारका कार्यक्रम संचालन गरिने छ र कक्षा १ मा भर्ना भएका सवै विद्यार्थीले माध्यमिक शिक्षा पुरा गर्ने व्यवस्था मिलाईने छ ।
- ❖ विद्यार्थीलाई स्थानीय कला, सँस्कृति रितिरिवाज,परम्परा झल्कने साँस्कृतिक कार्यक्रममा सहभागी गराइ सँस्कृतिक ज्ञानको अन्तरपुस्ता हस्तान्तरण गरिनेछ ।
- ❖ स्थानीय डोको, नाम्लो वुन्ने, हलो वनाउने जस्ता परम्परागत सीप हासिल गर्न तथा कुटोकोदालो गर्ने,खेतीपाती गर्ने,जमिन खन्ने जस्ता प्रयोगात्मक क्रियाकलापहरु विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलाप संचालन गर्न नीति लिइनेछ ।
- ❖ उच्च शिक्षा पढ्न चाहेर आर्थिक अभावका कारण पढाई वाट वन्चित जेहेन्दार बिद्यार्थिहरुलाई छात्रवृत्ति कोषको व्यवस्था गरी उच्च शिक्षा अध्ययनको व्यवस्था मिलाईनेछ ।
- ❖ सार्वजनिक कार्यालय तथा सामाजिक संघसस्थामा कार्यरत कर्मचारीहरुले सामुदायिक विद्यालयमा तथा सामुदायीक विद्यालयमा कार्यरत शिक्षकले सोही विद्यालयमा आफ्ना वालवालिका पढाउने लाइ उचित पुरस्कारको व्यवस्था गरिने छ ।
- ❖ वालविकास केन्द्रलाइ भौगोलिक दुरी, वालवालिको सख्या हेरी आवश्यकताअनुसार वालविकास केन्द्र थप एवम समायोजन तथा वालविकास केन्द्र सहजकर्ताको आवश्यक योग्यता निर्धारण गरी व्यवस्थापन गर्ने नीति लिइनेछ ।

<u>स्वास्थ्य</u>

- ❖ गाउपालिका भित्रका सुत्केरी हुने महिला र ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरुलाई जटिल विरामी भई तत्काल स्वास्थ्य उपचारका लागि अस्पताल पुर्याउन एम्वुलेन्स आवश्यकता भएको भनि स्वास्थ्यकर्मिले शिफारिस गरेमा त्यस्ता विरामीलाई गाउपालिका क्षेत्रभित्र निःशुल्क एम्वुलेस सेवा दिइने व्यवस्था मिलाइनेछ ।
- ❖ प्रत्येक स्वास्थ्य संस्थामा इन्टरनेट सेवा विस्तार तथा कम्प्यूटर, प्रिन्टर लगायत भौतिक पूर्वाधारको व्यवस्थापन गरि स्वास्थ्य तथ्याङ्क अब्डेट तथा स्वास्थ्य संस्थामै अनलाईन जन्म कार्डको व्यवस्था मिलाइने छ ।
- ❖ सहयोगी साझेदार निकायको समन्वय र सहयोगमा अवश्यकता र औचित्यका आधारमा बर्षमा एक पटक विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- ❖ खोप, पोषण, प्रसुतिजस्ता वहुपक्षीय सरोकारका विषयहरुका संयन्त्रहरुलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।
- ❖ नेपाल सरकारबाट कार्यान्वयनमा ल्याइएको स्वास्थ्य बीमा कार्यक्रममा आम गाउँबासीको सहभागिताका लागि उपयुक्त वातावरण मिलाइ पालिकावासी सवैलाई अनिवार्य स्वास्थ्य बीमामा आवद्ध गरिने निति लिइनेछ ।

❖ मानसिक तथा मनोसामाजिक स्वास्थ्यको अभिवृद्धी तथा मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा उपचारको लागि विभिन्न कार्यक्रम तथा क्रियाकलाप गर्ने निति लिइनेछ ।

❖ म मात्र होइन मेरो सन्ततीलाई स्वस्थ बनाउछु भन्ने कार्यक्रम संचालन गरी भान्सा तथा खानपिन सुधारका लागि आवश्यक अन्तरक्रिया तथा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

❖ स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य इकाईहरुवाट बाह्रै महिना सेवा प्रवाह, औषधी आपूर्तिको व्यवस्था मिलाइनेछ ।

❖ बाल शैक्षिक बिमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## युवा तथा खेलकुद

❖ **"जोड स्वरोजगारीमा, सम्भावना हरेक गाउँमा"** भन्ने मुल नाराका साथ स्वस्थ, सकरात्मक सोंच, उद्यमशिल, सिर्जनशिल अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिवद्ध,उर्जावान युवा शक्तिको विकास र परिचालन गरि राष्ट्रिय लाभलाई सार्थक हुने गरी नीति कार्यक्रम तर्जुमा गरि लागू गरिनेछ। युवाहरुको प्रविधि, उद्यम, व्यवसाय, र नीति निर्माणमा अर्थपुण पहुँच स्थापीत गराईनेछ ।

❖ गाउँपालिका क्षेत्रका वेरोजगार युवाहरुलाई रोजगारीको अवसर प्रदान गर्न नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

❖ रोजगार सूचना केन्द्रमा सुचिकृत दक्ष, अर्धदक्ष र अदक्ष वेरोजगारहरुको पहिचान गरी रोजगारीको अवसर प्रदान गर्न गैरसरकारी क्षेत्र र निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

❖ पर्याप्त सुचना तथा जानकारीका अभावका साथै प्रलोभनमा परि वैदेशिक रोजगारीमा गएका युवाहरुको वैदेशिक रोजगारीको सिलसिलामा संभावित जोखिम तथा दुर्घटनाहरुलाई न्यूनीकरण गर्न तथा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित वनाउन नेपाल सरकारको सहकार्यमा रोजगार प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

❖ युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि युवा लक्षित कार्यक्रम तथा खेलकुद विकास कार्यक्रमलाई जोड दिइने छ ।

❖ लिखुपिकेका वालवालिकाको प्रतिभा, क्षमता विकासका लागि लिखुपिके प्रतिभा पहिचान तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ ।

❖ स्वस्थ्य र सभ्य युवा समाज निर्माणका लागि विविध किसिमका हिंसा, अराजकता, दुर्व्यसनी विरुद्ध अभियान सञ्चालन गरिनेछ ।

❖ शुसासन, स्वास्थ्य सचेतना, सरसफाई विपद् व्यवस्थापन, वातावरण संरक्षण, सामाजिक कुरीति र अन्धविश्वास विरुद्धको सामाजिक जागरणका लागि हरेक वडा र गाउँस्तरीय युवा क्लव गठन गरीनेछ ।

❖ अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

## लैगिक समता तथा सामाजिक समावेशीकरण र महिला विकास

- ❖ नेपालको संविधानले महिलाहरुको निमित्त प्रत्याभुत गरेका सवै अधिकारहरुको कार्यान्वयन गर्दै लगिनेछ। महिलाहरुको नेत्तृत्व, सीप विकास, तथा महिला सशक्तिकरणका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- ❖ शिक्षा, स्वास्थ्य र रोजगारीमा महिलाहरुको पँहुच वृद्धि गरिदै लगिनेछ।
- ❖ महिलामाथि हुने सवै खाने हिंसालाई निरुत्साहित गर्न लैगिक हिंसा रोकथाम तथा प्रतिकार्य तालिम संचालन हुने कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गर्न साझेदार संस्थासंग समन्वय गरिनेछ।
- ❖ किशोरीहरुको जीवन उपयोगी शीप अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालनमा जोड दिइने छ।
- ❖ "महिलाको साथमा अध्यक्ष" कार्यक्रम तर्जुमा गरी महिलाहरुमा हुने जोखिमपुर्ण रोगहरुको पहिचान र उपचार गर्न स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- ❖ एकल महिलाहरुका लागि सीप तथा क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ महिला समुह, समितिको माध्यमबाट महिला सशक्तिकरणका लागि महिला सहकारी स्थापना तथा त्यस्ता सहकारीको प्रवद्धनमा जोड दिइने छ।
- ❖ महिलाहरुलाइ स्वरोजगार र आत्मनिर्भर बनाउन महिलाको नाममा दर्ता हुने उद्योग व्यवसायमा लाग्ने शुल्कमा ३० प्रतिशतले छुट दिने नीति अवलम्वन गरिनेछ।
- ❖ बुहारी शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ ।

## वालबालिका

- ❖ वाल क्लबको गठन र पुनर्गठन गरी गाउँ स्तरीय वाल सञ्जाल समेतको प्रभावकारी परिचालनमा जोड दिइने छ।
- ❖ वालमैत्री गाउँ बनाउन आवश्यक कार्यक्रम राखिने छ।
- ❖ वालवालिकाहरुको चौतर्फी विकासका लागि प्रतियोगितात्मक रचनात्मक र अनुसन्धानात्मक क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ ।
- ❖ अदृश्य रुपमा कानुन विपरित वालविवाह रोक्ने तथा वालश्रम शोषणलाई निरुत्साहित गरिने नीति लिइने छ।
- ❖ अनाथ वालबालिका संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाई उनीहरुको शिक्षा तथा आवासका लागि विभिन्न साझेदार निकाय तथा सामाजिक संस्थासंग सहकार्य गरिनेछ।

जेष्ठ नागरिक

- ❖ जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परीक्षणका लागि आवश्यक व्यवस्था मिलाउन पहल गरिनेछ ।
- ❖ महामारी संक्रमणको जोखिमको अवस्था विश्लेषण गरी जेष्ठ नागरिक मिलनका लागि स्थानीय ऐतिहासिक तथा सांस्कुतिक महत्वका क्षेत्रहरुमा भ्रमण गर्ने प्रचलनको विकास गर्ने कार्यक्रम संचालन गरिनेछ ।

अपांगता भएका व्यक्ति

- ❖ अपांगता भएका व्यक्तिहरुको प्रोफाइल तयार गरी सामाजिक, आर्थिक र क्षमतागत विकासमा जोड दिइने छ ।
- ❖ सार्वजनिक तथा सामुदायिक भवन निर्माण गर्दा अपांगतामैत्री बनाउन जोड दिइने छ ।
- ❖ पुर्ण अपांग भई साहारा विहिन अपांगहरुलाई थप सहयोग गरिनेछ ।
- ❖ यस गाउँपालिका क्षेत्र भित्र रहेका अपांग वा फरक शारीरिक अवस्था भएकाहरुलाई ह्वेलचेयर लगायत विभिन्न सामग्रीहरुको सहयोग गरिने छ ।
- ❖ अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै कार्यक्रमलाई निरन्तरता दिइने छ ।

उत्पीडित समुदाय तथा दलित उत्थान

- ❖ परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्न प्रोत्साहन गरिनेछ ।
- ❖ दलित उत्थानका लागि आवश्यक प्रोफाइल तयार पारि विपन्न दलित परिवारलाई जिविकोपार्जन कार्यक्रम गर्न समन्वय तथा सहयोग गरिनेछ ।
- ❖ छुवाछुत अन्त्यका लागि विशेष पहल गरिनेछ ।

आदिवासी जनजाती उत्थान

- ❖ गाउँपालिका भित्र रहेका जनजाती समुदायको उत्थान तथा सहयोगका लागि लिखुपिके आदिवासी जनजाती उत्थान समन्वय समिति गठन गरी जनजाती उत्थान कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

भूमि व्यवस्था

- ❖ सुकुम्वासी सम्वन्धी समस्या समाधान गर्न सम्वन्धित व्यक्ति तथा परिवारको जिवीकोकोपार्जन र वसोबास व्यवस्थापनका लागि पहल गरिनेछ ।
- ❖ भू उपयोग नक्सा, तथ्याङ्क र भू उपयोग योजना बनाई कार्यान्वयन गरिनेछ ।

- ❖ सडक कायम भई घर निर्माण भई सकेका तर लगत कट्टा हुन नसकेका सडक लगत कट्टाको लागि सम्बन्धित निकाय संग समन्वय गरिनेछ ।

## बन वाताबरण विपद् व्यवस्थापन सरसफाई स्वच्छता नीति

- ❖ **"सम्बृद्धिको लागी बन"** भन्ने नारालाई सार्थक बनाउन सार्बजनिक खाली जग्गा, पाखा क्षेत्रहरुमा वृक्षारोपण गरी हरियाली बनाईनेछ । जडीबुटी, गैर काष्ठ, बन पैदावार संरक्षण उत्पादन संकलन प्रवर्धन र बजारिकरण गर्ने नीति लिइनेछ ।
- ❖ जलवायु परिवर्तनबाट हुन सक्ने जोखिम र यसवाट पर्ने जोखिम न्युनिकरणका लागि जलवायु अनुकुलन योजना बनाई कार्यान्वयन गर्नुको साथै वातावरण मैत्री कार्यक्रम संचालन गर्न पहल तथा समन्वय गरिने छ ।
- ❖ डिभिजन वन कार्यालयको समन्वयमा एक नर्सरी स्थापना गरी विरुवा उत्पादन, वितरण, रोपन गर्ने नीति लिईनेछ ।
- ❖ जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्ने नीति अवलम्वन गरिनेछ ।
- ❖ **"एक रुख कटान गर्दा दुइ रुख"** रोपण कार्यक्रम कार्यान्वयन गर्न सामुदायिक वनसंग समन्वय गरी पहल गरिनेछ । जन्म तथा अन्य उत्सवमा वृक्षारोपण गर्न इच्छुक व्यक्तिहरुको लागि सम्मान कार्यक्रम संचालन गरिने छ ।

## विपद् व्यवस्थापन

- ❖ विभिन्न समयमा आएको वाढीको कारण विपद्को सिर्जना हुदा खोज, राहात र उद्धारका कार्यहरु सरोकारवाला निकायको सहयोगमा पिडितलाई आवश्यक सहयोग कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ विपद्को समयमा विपद् (वाढी, पहिरो, भ:क्षय, आगलागी,अन्य) प्रभाव न्युनिकरण न्युनिकरणका लागि विपद् उद्धार टोलि गठन गरि तालिम प्रदान गरीने छ ।
- ❖ भुकुम्प, वाढी पहिरो, आगलागी जस्ता विपद्वाट प्रभावित जनताको उद्धार र पुनर्स्थापना तथा विपद् जोखिम न्युनिकरणका लागि विपद्जोखिम कोष वृद्धि गरि विपद्मा परेका नागरिकको उद्धार तथा राहत उपलब्ध गराइनेछ ।
- ❖ मानवीय तथा पशुपन्छीहरुमा देखापर्न सक्ने महामारी नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

## सरसफाई तथा फोहर व्यवस्थापन

- ❖ स्वच्छ सरसफाइयुक्त लिखुपिके निर्माण अभियान साकार पार्न वर्षको एक हप्तालाई सरसफाई सप्ताह घोषणा गरी सरसफाइका विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गाउँपालिकाभित्र प्लास्टिक झोलालाइ पूर्णरुपमा निरुत्साहित गरि स्थानीय बस्तुबाट बनेको झोला प्रयोगमा ल्याउने नीति लिइनेछ ।

**शासन प्रणाली, संस्थागत विकास, सेवा प्रवाह र सुशासन प्रवर्द्धन सम्बन्धी नीति:**

- संविधान प्रदत्त अधिकारको कार्यान्वयन एवम स्थानीय सरकार संचालनका लागि आवस्यक पर्ने कानूनको तर्जुमा गरिनेछ ।
- लिखुपिके गाउँप्रशासनलाई स्वच्छ, सक्षम, निस्पक्ष, पारदर्शि,जनमैत्री एवम सेवामुखी वनाइनेछ ।
- गाउँपालिकाको आवस्यकता, कार्यवोझको आधारमा संगठन सर्वेक्षण गरि जनशक्ति व्यवस्थापन गरिनेछ ।
- कार्यसम्पादनमा आधारीत पुरस्कार प्रणालि अवलम्वन गरिनेछ ।संस्थागत शुशासन प्रवर्द्धनका लागि भ्रष्ट्राचार विरुद्ध शुन्य शहनशिलताको सिद्धान्त अपनाइनेछ ।
- **गाउँपालिका** विकास गतिविधि तथा योजना तर्जुमालाई अझ वढी यथार्थपरक एवंम तथ्यांकमा आधारित वनाउन गाउँको विविध क्षेत्रका तथ्यांक, सूचनाहरुको संकलन एवम अद्यावधिक गरी गाउँक्षेत्रका सवै प्राकृतिक,धार्मीक, सांकृतिक एवमं सम्पुर्ण स्रोतहरुको यथार्थ चित्र देखिने स्रोत नक्सा सहितको डिजिटल गाउँ पार्श्वचित्र तयार गरिनेछ ।
- गाउँकार्यपालिकाको कार्यालय,मातहतका सम्पुर्ण कार्यालयमा गुनासो सुन्ने अधिकारी र समावेशी नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको संस्थागत विकास, जनप्रतिनिधि एवम कर्मचारीको क्षमता विकासका लागि **गाउँपालिका क्षमता विकास योजना तर्जुमा गरि कार्यान्वयन** गरिने छ।
- कर्मचारीको संस्थागत आचारसंहीता, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ ।
- जनप्रतिनिधि र कर्मचारीको अन्तर सम्वन्ध सुदृढ, कार्यक्षमता बृद्धि, कामप्रति जवाफदेही बनाउने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- जनप्रतिनिधीहरुको क्षमता विकास एवं अनभुव आदन प्रदानको लागि अन्तर गाउँपालिका भ्रमण एवं कर्मचारीलाई आन्तरिक पर्यटन प्रवर्द्धनका लागि बर्षको एक पटक ७ दिनको आन्तरीक पर्यटन भ्रमण काजको व्यवस्था मिलाईने छ ।
- सार्वजनिक खरिद प्रणालिमा स्वच्छता पारदर्शिता प्रतिष्पर्धा, मितव्ययिता, विस्वसनियता कायम गर्न वार्षिक खरीदयोजना तर्जुमा गरि पुर्ण कार्यान्वयन गरिने छ ।
- विकास आयोजनाहरुको ठेक्का पट्टा तथा सम्झौता निर्धारित समयभित्रै सम्पन्न गरीने छ ।
- सार्वजनिक सम्पतिको संरक्षण, अभिलेखीकरण गरिनेछ ।
- सेवा प्रवाहलाइ नागरीकमैत्री वनाउन वार्षीक कम्तीमा एक पटक एकिकृत घुम्तीसेवा शिविर संचालन गरिने छ ।
- अव्यवस्थीत मदिरा विक्रि वितरण प्रक्रियालाई व्यवस्थीत वनाउन मदिरा तथा सुर्तिजन्य पदार्थ विक्री वितरण सुधार सम्वन्धी नीति वनाई कार्यान्वयन गरिनेछ ।
- हिंसा पीडित महिलाहरुको पुन:स्थापना, उद्धार र नि:शुल्क कानुनी उपचारका लागि सेफ हाउस मार्फत सहयोग गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

साझेदारहरुलाइ आह्वान एवम उचित कार्यवातावरण सिर्जना गरी साझेदारी विकासलाइ तिव्रता दिइनेछ ।

- ❖ गाउँपालिकाको वित्तिय अधिकार क्षेत्र अन्तरगत सम्पूर्ण राजस्वका क्षेत्रहरुको पहिचान गर्न राजश्व संकलनको सम्भाव्यता अध्ययन गरी करको दायराभित्र ल्याइनेछ ।
- ❖ बढी कर संकलन गर्ने वडा र करदाता फर्म/कम्पनी/व्यवसायीलाई पुरस्कृत गरिने छ ।
- ❖ सामाजिक न्याय कायम गर्न प्रगतिशील कर प्रणालीको अवलम्वन गरिनेछ ।
- ❖ कर प्रशासनलाइ स्वच्छ पारदर्शी जनमैत्री सेवामुखी वनाउन थप प्रविधिमैत्री वनाइनेछ ।
- ❖ करको दायरा बिस्तार एवम जनताको तिर्नसक्ने क्षमताको आधारमा करका दरहरु समायोजन गरिनेछन् ।
- ❖ विद्युतीय राजस्व भुक्तानी प्रणालीलाइ वडास्तरमा विस्तार गरी राजस्व चुहावटलाइ पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।
- ❖ गाउँपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ती कर, घर वहाल कर, व्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आवद्ध गरिनेछ ।
- ❖ राजस्व संकलनमा वृद्धि ल्याउन, कर सचेतना अभिवृद्धि गर्न आ व २०८२/८३ लाइ **'लिखुपिके गाउँ कर अभियान वर्ष'**को रुपमा मनाइनेछ ।
- ❖ उपभोक्ताको हित संरक्षण,प्रवर्द्धन तथा खाद्य पदार्थ लगायतका सामग्रीहरुमा हुने मिसावट लगायतका समस्यालाई न्युनीकरण गर्न,वस्तु तथा सेवाको गुणस्तर कायम गर्न,कृतिम अभाव मुल्य नियन्त्रण गर्न लिखुपिके गाउँपालिकाको वजार अनुगमन कार्यविधी वमोजिम वजार अनुगमन कार्यलाई चुश्त र प्रभावकारी वनाईनेछ ।

## न्यायिक समिति सञ्चालन तथा व्यवस्थापन

- ❖ न्यायिक समितिलाई थप व्यवस्थित बनाइ छिटो छरितो न्याय सम्पादन गर्नका लागि अवश्यक व्यवस्थापन गर्दै लगिने छ ।
- ❖ सामुदायिक मेलमिलाप केन्द्रलाई अझ व्यवस्थित बनाईदै लगिने छ ।
- ❖ वडास्तरमा न्याय सम्पादनलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नागरिकसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।
- ❖ सबै वडाहरुमा कानुनी साक्षरतासम्वन्धी कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।
- ❖ हालसम्म न्यायिक समितिबाट निःशुल्क रुपमा प्रवाह गरिदै गरेको सेवालाई अझ प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- ❖ न्यायिक समितिका कामलाई प्रभावकारी बनाउनका लागि मुद्दा दर्ता, बहस, फैसलालाई चुस्त दुरुस्त बनाउँदै लगिने छ ।
- ❖ स्थानीय न्याय प्रशासनबाट छिटोछरितो, निस्पक्ष न्याय सम्पादनका लागि आवश्यक श्रोत, साधन र संयन्त्रको प्रवन्ध मिलाइ न्यायिक समिति सचिवालय नियमित संचालनमा ल्याइनेछ ।
- ❖ न्याय सम्पादनमा आवद्ध जनशक्तीको क्षमता विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

- मेलमिलापकर्ताको न्यायिक क्षमता अभिवृद्धि गर्न मेलमिलाप सम्बन्धी पुनरताजकीय तालिम प्रदान गरिनेछ ।
- न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाइने छ ।

**आदरणीय गाउँ सभा सदस्यज्यूहरु,**

अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि महत्वपूर्ण भूमीका खेल्नु हुने बजेट तथा कार्यक्रम तर्जुमा समितका संयोजकलगायत सदस्य ज्यूहरु, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, विषयगत शाखाका प्रमुख तथा कर्मचारी साथीहरु र सम्पूर्ण गाउँपालिका परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद । जय नेपाल ।

**मिना कार्की (बस्नेत)**

**अध्यक्ष**

लिखुपिके गाउँपालिका, सोलुखुम्बु

२०८२ असार ०९ गते